# खजुरा राजपत्र

## खजुरा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३, भाद्र १४, २०७७ साल, संख्या-१


## भाग-१

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँसभाले बनाएको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## खजुरा गाउँपालिकाको शिक्षा ऐन २०७६

गाउँसभाबाट पारित मितिः २०७६।०९।२५

**प्रस्तावना :**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस गाउँपालिकाको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

"नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" को दफा १०२ वमोजिम खजुरा गाउँपालिकाको छैटौं गाउँसभाले यो ऐन बनाएको छ ।"

### परिच्छेद-एक
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "खजुरा गाउँपालिका शिक्षा ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन खजुरा गाउँपालिका भर लागु हुनेछ ।

(३) यो ऐन गाउँसभाबाट पारित भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"ऐन"** भन्नाले खजुरा गाउँपालिका शिक्षा ऐन, २०७६ लाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले खजुरा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"कोष"** भन्नाले दफा ४० वमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) **"गाउँपालिका"** भन्नाले खजुरा गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) **"गाउँ सभा"** भन्नाले खजुरा गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(च) गाउँ शिक्षा समिति भन्नाले दफा १८ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्छ ।

(छ) शिक्षा समिति सयोंजक भन्नाले खजुरा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ज) वडा शिक्षा समिति भन्नाले दफा १९ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्छ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले खजुरा गाउँपालिकाको प्रशासनिक कार्यमा नियुक्त प्रमुख व्यक्तिलाई प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) **"बाल स्याहार केन्द्र"** भन्नाले तीन वर्ष मुनिका बालबालिकाको सर्वाङ्गिण विकास गर्न स्थापना गरिएको केन्द्रलाई सम्झनु पर्छ ।

(ट) **"प्रारम्भिक बाल विकास केन्द्र"** भन्नाले तीन बर्ष देखि चार बर्ष उमेर समूहकाका बालबालिकाको सर्वाङ्गिण विकास गर्न स्थापना गरिएको केन्द्रलाई सम्झनु पर्छ ।

(ठ) **"पूर्व प्राथमिक शिक्षा"** भन्नाले चार बर्ष उमेर पुगेका बालबालिकाको लागि दिईने शिक्षा सम्झनु पर्छ ।

(ड) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ढ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ण) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(त) **"प्राविधिक तथा व्यवसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान,सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मूख शिक्षा प्रदान गर्न कक्षा नौं देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(थ) **"सार्वजनिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(द) **"नीजि विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ध) **"व्यवस्थापन समिति"** भन्नाले दफा २१ र ३५ बमोजिम गठन हुने विद्यालय व्यबस्थापन समिति सम्झनुपर्छ ।

(न) **"शाखा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(प) **"शिक्षा, यूवा तथा खेलकुद शाखा"** भन्नाले गाउँपालिकामा रहेको शिक्षा, यूवा तथा खेलकुद हेर्ने शाखा वा इकाईलाई सम्झनु पर्छ ।

(फ) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ब) **"शिक्षक"** भन्नाले विद्यालयमा अध्यापन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(भ) **"कर्मचारी"** भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(म) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(य) **"आधारभूत शिक्षा उत्तिर्ण परीक्षा"** भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(र) **"अनुमति"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरि नसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाँउछ ।

(ल) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाँउछ ।

(व) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपांगता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ष) **"मदरसा विद्यालय भन्नाले"** नेपाल सरकारको तोकियको पाठ्यक्रम भित्र रहि मुस्लिम समुदायले धार्मिक परम्परा अनुसार संचालन गरेको विद्यालयलाई सम्झनु पर्छ ।

(श) **"गुरुकुल विद्यालय भन्नाले"** नेपाल सरकारको तोकियको पाठ्यक्रम भित्र रहि वैदिक परम्परा अनुसार खोली संचालन गरेको विद्यालयलाई सम्झनु पर्छ ।

(स) **"गुम्बा विद्यालय भन्नाले"** नेपाल सरकारको तोकियको पाठ्यक्रम भित्र रहि बौद्ध परम्परा अनुसार अध्यापन गराउन खोलिएको विद्यालयलाई सम्झनु पर्छ ।

(ह) **"खुला विद्यालय भन्नाले"** विविध कारणले विचैमा विद्यालय छोडेका व्यक्तिहरुलाई अध्यापन गराउन खोलिएको विद्यालयलाई सम्झनु पर्छ ।

(क्ष) **"प्रधानाध्यापक भन्नाले"** विद्यालयको प्राज्ञिक र प्रशासनिक कार्य गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(त्र) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा २१ को प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ज्ञ) **"सामाजिक वा कल्याणकारी संस्था"** भन्नाले नेपालको प्रचलित कानून बमोजिम दर्ता भएका र धार्मिक प्रचारप्रसार वा सामाजिक सदभावमा असर नपुऱ्याउने संस्था सम्झनु पर्छ ।

## परिच्छेद-दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

**३. विद्यालय शिक्षाको तह :** विद्यालय शिक्षाको तह २ प्रकारका हुनेछन् ।

(क) आधारभूत तह : कक्षा ० देखि कक्षा ८ सम्म अध्ययन अध्यापन हुने ।

(ख) माध्यमिक तह : कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययन अध्यापन हुने ।

**४. माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन् ।

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**५. शिक्षाको माध्यम :**

(१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :** गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा अनौ पचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्थापन गर्न सकिनेछ ।

**७. विद्यालयको वर्गीकरण :** विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिने छ ।

(क) सार्वजनिक विद्यालय

(ख) नीजि विद्यालय

(ग) गुठी विद्यालय

**८. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने :**

१) कुनै नेपाली नागरिकहरुको समुदायले सार्वजनिक विद्यालय वा नेपाली नागिरकले शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका शिक्षा शाखा समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा(१)बमोजीम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ढ पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखा प्रमुखले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका शिक्षा शाखा समक्ष निवेदन दिन सक्नेछन ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित आवेदन पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको निर्णय अनुसार अनुमति तथा स्वीकृती दिईनेछ ।

(५)(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्धारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा सञ्चालन लागि कुनै सार्वजनिक वा नीजि माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको निर्णय अनुसार गाउँपालिका अध्यक्षले सिफारिस प्रदान गर्न सक्नेछ । तर सिफारिस दिनु अघि परिषदद्धारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्नेछ ।

(५)(ख) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्राविधिक तथा व्यवसायिक धार संचालन गर्न स्वीकृत कोटामा छनौट भएका सार्वजनिक विद्यालयको संचालन गर्न आवेदन गरेमा गाउँ शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखा प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिन अघि सार्वजनिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक धार संचालन गर्न तोकिएको मापदण्ड अनुसार जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्नेछ ।

(६) उपदफा (२),(३) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारी विद्यालयका रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय ।

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङगठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(८) कुनै सामाजिक वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा सम्बन्धित वडा समितिको सिफारिश सहित गाउँपालिका शिक्षा शाखा समक्ष आवेदन दिनु पर्नेछ । गाउँ शिक्षा समितिको निर्णय अनुसार स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सकिन्छ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

**(११) यस अघि दर्ता भएका विद्यालय सम्बन्धित व्यवस्था :** (१) माथि जेसुकै उल्लेख भएता पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएका मानिनेछन् । तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गुर्नपर्नेछ ।

**(१२) धरौटी राख्नुपर्ने :** नीजि र गुठी र सहकारी विद्यालय खोल्ने अनुमति लिदाँ विद्यालय सञ्चालनको संरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछ ।

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रुपैयाँ,

(ख) आधारभूत (० देखि ८ सम्म) विद्यालयको लागि दुई लाख पचास हजार रुपैयाँ,

(ग) आधारभूत (० देखि ५ सम्म) विद्यालयको लागि एक लाख पचास हजार रुपैयाँ तर, विशेष आवश्वयकता भएका विद्यार्थीका लागि वा

सिमान्तकृत क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुटदिन सक्नेछ ।

घ) मन्टेश्वरी शिक्षाका लागि एक लाख पचास हजार रुपैयाँ रकम धरौटीको रुपमा राख्नुपर्नेछ ।

**१३. धरौटी रकम जम्मा गरिने :** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम विद्यालयको नाममा प्रधानध्यापक र शिक्षा शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरि धरौटी खाता खोली जम्मा गर्नुपर्नेछ ।

**१४.** गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

**१५. वाल गृहको संचालन :** गाउँपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह सञ्चालन गर्न पाउनेछ । वाल गृह सञ्चालनको लागि आवश्यक प्रकृया तोकिए बमोजिम हुनेछ ।

**१६. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय समेत सञ्चालन गर्न सकिन्छ ।

**१७. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने** :

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा स्वीकृतका लागि शिक्षा शाखा मार्फत गाउँ शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा(२) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिस अनुसार गाउँपालिकाले नाम परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद : ३
## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१८. गाउँ शिक्षा समिति सम्बन्धि व्यवस्था :**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - पदेन सदस्य

(ग) गाउँ कार्यपालिकाका सदस्य मध्ये संयोजकले तोकेको १ महिला सदस्य समेत २ जना - सदस्य

(घ) सार्वजनिकरमदरसा विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट संयोजकले तोकेको १ जना प्रधानाध्यापक - सदस्य

(ङ) नीजि विद्यालयहरु मध्येवाट संयोजकले तोकेको १ जना - सदस्य

(च) सार्वजनिक तथा मदरसा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट संयोजकले तोकेको १ र १ गरि २ जना - सदस्य

(छ) शिक्षा विद, शिक्षा प्रेमी, बुद्धिजिवी मध्ये गाउँ शिक्षा समितिले तोकेको १ जना - सदस्य

(ज) गाउँपालिका स्तरीय शिक्षक महासंघको अध्यक्ष १ जना - सदस्य

(ट) विद्यालय कर्मचारी मध्ये संयोजकले तोकेको १ जना -सदस्य

(ठ) सामाजिक विकास संयोजक - पदेन सदस्य

(ड) शिक्षा अधिकृत - सदस्य-सचिव

(२) समितिको बैठक सञ्चालन प्रकृया, बैंठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा(१) अनुसार नियुक्त सदस्यले पदिय आचरण पुरा नगरेमा मनोनयन गर्ने व्यक्ति वा निकायले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन अघि मनासिब माफिकको मौकावाट वञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयो गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति गर्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सार्वजनिक विद्यालयहरु तथा नीजि विद्यालयका शिक्षकका सेवा, सुविधा र शर्तहरुको मापदण्ड निर्धारण गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्याङकन गर्ने ।

(झ) शैक्षिक गुठीसँग सम्झौता गर्न सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(ञ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत दिने ।

(ट) विशेषज्ञहरुको छनोट गरेर सूची प्रकाशन गर्ने ।

(ठ) नीजि विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(ड) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जूमा गर्ने ।

(ढ) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(ण) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(त) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

(थ) शिक्षक तालीमको नीति तर्जूमा गरी लागू गर्ने ।

(द) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक

सुझाव तथा परामर्श दिने ।

(ध) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

(न) शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई प्रत्याभुत गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

(प) गाउँ पालिका क्षेत्रभित्रका विद्यालय शिक्षा प्राप्त गरेका व्यक्तिहरुको अभिलेख राख्ने ।

(फ) शिक्षाको प्रोफाईल तयार गर्ने ।

(ब) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

**१९. शाखा अधिकृत :** गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शाखा अधिकृत रहने छन् । निजको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

(१) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकमा पेश गर्ने ।

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने ।

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने ।

(६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने ।

(७) शिक्षा शाखा अधिकृतले शिक्षा सम्बन्धी कार्य गर्दा वडा अध्यक्ष संग समन्वय गर्ने ।

(८) शिक्षा शाखा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२०. विद्यालय व्यवस्थापन समिति :**

(१) सार्वजनिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेका एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरु मध्येबाट छानिएका कम्तीमा दुई महिला सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको वडाको अध्यक्ष वा वडासमितिले तोकेका एक जना - पदेन सदस्य

(ग) विद्यालयका संस्थापक, बुद्धिजिवी, शिक्षा प्रेमी, चन्दादाताहरु मध्येबाट समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) शिक्षक प्रतिनिधि - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(च) उपदफा क, ख, ग, घ, ङ अनुसार गठित समितको बैठकले उपदफा (क), (ग), मध्येबाट छानिएको व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनेछ ।

(२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसार आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) उपदफा १ क बमोजिम छनौट हुने सदस्यहरुको छनौट सर्बसम्मत हुन नसके तोकिए बमोजिम हुनेछ ।

(४) विद्यालयलाई शान्ति क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनुपर्नेछ ।

(५) सार्वजनिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्न लगाउने र सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने ।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने ।

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(च) स्विकृत दरवन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा

२२. लगाउने तथा गाउँपालिकाबाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने ।

(छ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने ।

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(झ) तोकिए बमोजमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने ।

(ञ) प्रचलित कानून र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने ।

(ट) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ठ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

(५) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

**(२१) शिक्षक अभिभावक संघ :** सबै विद्यालयहरुमा शिक्षक र अभिभावकहरु रहेका एक शिक्षक अभिभावक सघं रहनेछ । यस सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

**२२. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्ने :**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरु दरवन्दी मिलान तथा अपुग दरबन्दी निर्धारण गरि व्यबस्थापन गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशीक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा(१)बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

(४) शिक्षक दरबन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. शिक्षक सेवा शर्त, योग्यता र समक्षमता :** शिक्षकको सेवा शर्त, योग्यता र समक्षमता तोकिए बमोजिम हुनेछ ।

**२४.** शिक्षक तथा कर्मचारीको पदिय आचरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## सहयोगि कार्यकर्ता, अस्थायी करार शिक्षक( अनुदान) तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**२५. शिक्षकको नियुक्ति :**

(१) विद्यालयमा कायम भएको सहयोगि कार्यकर्ता पालिकाको अनुदान शिक्षक तथा कर्मचारी रिक्त पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य - संयोजक

(ख) शाखा अधिकृत शिक्षा युवा तथा खेलकुद शाखा वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सचिव

(घ) एक जना महिला पर्ने गरी विषय विज्ञ २ जना - सदस्य

(ङ) सम्बन्धित वडाको पालिकाले तोकेको १ जना - सदस्य

२) समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२६.** प्रधानाध्यापक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । शिक्षकको सरुवा, दरवन्दी मिलान, शिक्षक तथा कर्मचारीको बढुवा, कार्य सम्पादन मूल्याङ्कन र सजाय पुरस्कार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२८. शिक्षक तथा कर्मचारीलाई अन्य काममा लगाउन नहुने :**

(१) सार्वजनिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा पुग्ने छैन ।

## परिच्छेद ६
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**२९. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण :**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्ररछात्राका लागि अलग अलग शौ चालय तथा सिकाइ मैत्री वातावरण हुनुपर्नेछ ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३०.** सार्वजनिक विद्यालयको सम्पत्ति, जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**३१.** विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३२. अतिरिक्त शैक्षिक कृयाकलाप :** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलायहरु बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी कृयाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ७
## नीजि विद्यालयको अनुमिति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

**३३.** नीजि विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनु पर्नेछ ।

**३४. नीजि विद्यालयको व्यवस्थापन समिति :**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लगि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट सिफारिस भै आएको गाउँशिक्षा समिति संयोजकले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) शाखा अधिकृत शिक्षा युवा तथा खेलकुद शाखा - पदेन सदस्य

(ग) अभिभावक मध्येबाट समतिले छानेको कम्तीमा एक महिला सहित दूई जना - सदस्य

(घ) लगानीकर्ता मध्येबाट विद्यालय व्यवस्थापन समिति मनोनित एक - सदस्य

(ङ) विद्यालका शिक्षकहरुले आफुहरु मध्येबाट छानि पठाएको एक जना - सदस्य

(च) सम्बन्धित वडापालिकाबाट तोकिएको एक जना - सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**३५. नीजि विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ :

**३६. नीजि विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाइ छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

**३७.** शिक्षकको न्यूनतम पारिश्रमिक र विद्यालयको भौतिक पूर्वाधारको मापदण्ड तोकिए अनुसार हुनेछ ।

## परिच्छेद : ८
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**३८.** गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँपालिका नेपाल शिक्षक महासघंको अध्यक्ष - सदस्य

(ग) निजी विद्यालयको प्रतिनिधि - सदस्य

(घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्ये (मा.वि.र आ.वि.) परीक्षा समिति संयोजकले तोकेको २ जना - सदस्य

(ङ) शाखा अधिकृत शिक्षा युवा तथा खेलकुद शाखा - सदस्य सचिव

(१) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्य र्विधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद : ९
## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**३९. विद्यालय कोष :**

(१) सार्वजनिक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतबाट प्राप्त रकम कोषमा दाखिला हुनेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम

**४०**. विद्यालयलयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन तोकिए बमोजिम हुनेछ ।

**४१. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यव्स्था गर्न सक्नेछ ।

**४२. शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकारको निःशुल्क तथा अनिवार्य आधारभुत शिक्षा ऐन बमोजिम हुनेछ ।

**४३. विद्यालयलाई छुट र सुविधा :**

(१) प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भएता पनि सार्वजनिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित विद्यालयको नाममा जनुसकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सार्वजनिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित विद्यालययलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः १०
## विविध

**४४. गाउँपालिकाले निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गुर्न विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**४५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन :**

(१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाको अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा, पूर्व तयारी कक्षा, कप्यूटर तथा व्यबसायिक तालिम कक्षा, छात्राबास संचालन गर्न पाईने छैन । अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**४६. प्रगति विवरण बुझाउन पर्ने :** नीजि विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**४७.** स्थानीय शिक्षा विकास कोष तोकिए बमोजिम हुनेछ ।

**४८.** दण्ड सजाय तोकिए बमोजिम हुनेछ ।

**४९. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**५०. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले व्यवस्थित गर्न सक्नेछ ।

**५१. बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश गाउँ सभाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**५२. बचाउ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम तथा प्रचलित कानुनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
बम बहादुर के.सी.
प्रमुख प्रशासकिय अधिकृत

❖❖❖